

# समरभिल सिटी

## सुदृढ समावेशी आवास भाडा प्रतीक्षा सूची सम्बन्धी जानकारी सत्र

परामर्श समूह

# विषयसूची


* परिचय/ गृहकार्य
* सुदृढ भाडा आवास प्रतीक्षा सूचीको संक्षिप्त विवरण
* आम्दानी तथा किफायती
* सुदृढ प्रतीक्षा सूचीका लागि आवेदन दिने चरणहरू
* चिठ्ठाको प्रक्रिया
* विविध
* प्रश्न तथा उत्तरहरु

# परिचय / गृहकार्य

* लिन डि. स्वीट, व्यवस्थापन सदस्य, एल.डि.एस. परामर्श समूह, एल.एल.सि.
* बेन्जामिन वीनर, कार्यक्रम विशेषज्ञ, सिटी अफ समरभिल
* एलाना ग्याफ्नी, समावेशी आवासीय व्यवस्थापक, सिटी अफ समरभिल
* एड्रियन पमोरोई, ए.डि.ए. समन्वयक, सिटी अफ समरभिल
* मेरिडियथ ग्याम्बल, आप्रवासी मामिलाको कार्यालय, सिटी अफ समरभिल

* भाषा अनुवादको कसरी प्रयोग गर्ने

परामर्श समूह

## आजको जानकारी सत्रको लक्ष्य :

समरभिल सिटिमा यसको नयाँ केन्द्रीकृत प्रतीक्षा सूचीका लागि समावेशी भाडा आवास अवसरहरूका लागि आवेदन दिने प्रक्रिया बुझ्न साथै प्रधानता र प्राथमिकताहरूको नयाँ प्रणाली बुझ्नमा तपाईंलाई सहायता गर्न।

आवेदकहरूको नयाँ सुदृढ प्रतीक्षा सूची **विशेषगरी** सिटी अफ समरभिलको समावेशी जोनिङ अध्यादेश अन्तर्गत बनाइएको किफायती भाडा आवासको नयाँ यूनिटहरूका लागि हुने छ। पहिले सिर्जना गरिएको समावेशी यूनिटहरूका लागि अवस्थित प्रतीक्षा सूचीहरू समाप्त भइसक्दा, सम्पत्ति व्यवस्थापकहरूले पनि सुदृढ प्रतीक्षा सूचीबाट आकर्षित गर्न सक्षम हुने छन्।

## लाभ

आगामी ५ वर्षमा समरभिलको समावेशी आवास सूचीमा ३०० भन्दा बढी किफायती भाडा एकाइहरू थपिने अनुमान गरिएको छ।

हाल धेरै अलग प्रतीक्षा सूचीहरू र प्रत्येकका लागि अद्वितीय अनुप्रयोगहरू छन्। यस प्रतीक्षा सूचीका लागि आवेदन दिँदा तपाँईंको परिवारलाई सबै नयाँ समरभिल समावेशी भाडा एकाइहरूका लागि एउटा प्रतीक्षा सूचीमा राखिने छ।

## दर्शक सहभागीता

- तपाइँ समरभिलमा कति लामो समयदेखि बस्नुभयो?
- तपाइँले समरभिलमा समावेशी भाडा आवासका बारेमा सुन्नुभएको छ?
  - तपाइँलाई इकाई र सामुदायिक सुविधाहरूको गुणस्तर कस्तो छ थाहा छ?
- तपाइँले किफायती भाडा आवास अवसरहरूका लागि आवेदन दिनुभएको छ?
  - तपाइँले समरभिलमा समावेशी आवासका लागि आवदेन दिदाँ कस्ता प्रकारका समस्याहरू सामना गर्नुभएको छ?
    - अन्तिम मिति पूरा गर्नका लागि अक्षमताको कारणले गर्दा आवेदन दिन छुटेको छ?
    - योग्य हुनमा समस्याहरू भइरहेको छ?
    - योग्य हुनु हुन्छ तर इकाईमा छुट्नुभएको छ

परामर्श समूह

## यो प्रतीक्षा सूची समरभिलका सबै इकाईमा लागू **हुने छैन**

**यसकारण तपाइँलाई समरभिलमा यो केन्द्रीकृत प्रतीक्षा सूचीमा नभएका वहनीय यूनिटहरूका लागि आवेदन दिन आवश्यक भएको अवस्थाहरू हुन सक्छ।**

## *उदाहरणका लागि:*

१) यो सुदृढ प्रतीक्षा सूची सिर्जना गर्नुअघि बनाइएका यूनिटहरूका लागि विद्यमान प्रतीक्षा सूचीहरू।

२) सिटी अफ समरभिलको समावेशी आवास अध्यादेश अन्तर्गत सिर्जना नगरिएका आवास यूनिटहरू।

३) समरभिल आवास प्राधिकरणको स्वामित्वमा रहेका वा व्यवस्थित गरिएका यूनिटहरू।

४) समरभिल समुदाय निगमद्वारा सिर्जना गरिएका नयाँ भाडा योग्य यूनिटहरू।

परामर्श समूह

## म समरभिलको अर्को सूचीमा भएमा मैले सुदृढ प्रतीक्षा सूचीमा आवेदन दिनुपर्छ?

- **दिनुपर्छ: तपाँईंले नयाँ प्रतीक्षा सूचीमा हुनका लागि आवेदन दिनुपर्छ।** अर्को प्रतीक्षा सूचीमा रहेका परिवारहरूलाई यो नयाँ प्रतीक्षा सूचीमा स्थानान्तरण गरिने छैन।

## परिवारले नयाँ सुदृढ आवास समावेशी प्रतिक्षा सूचीमा हुनका लागि कसरी आवेदन दिईन्छ?

- चरणहरू निम्न पानाहरूमा छन्

परामर्श समूह

# कार्यक्रमले कति आम्दानी स्तरको लक्ष्य राखेको छ?

- भाडा इकाईहरू क्षेत्र औसत आम्दानी सीमा (ए.एम.आई.) को ५०%, ८०% र ११०% मा उपलब्ध हुन सक्छन्। *(नोट: वहनीयताका स्तरहरूलाई औसत पारिवारिक आम्दानी (एम.एफ.आई.) को ५०%, ८०% वा ११०% पनि भन्न सकिन्छ)*
- एच.यु.डि.ले हरेक वसन्तमा आम्दानी सीमाहरू निर्धारण गर्छ र परिवारमा भएका व्यक्तिहरूको सङ्ख्यासँग निश्चित गर्छ।   उदाहरणका लागि, आज ए.एम.आई.को ५०% मा चार जनाको परिवारका लागि चार जनाको आम्दानी स्तर $७५,१०० छ र ए.एम.आई.को ८०% मा चार जनाको परिवारका लागि आम्दानी स्तर $१११,८५० छ।

# भाडादर कसरी निर्धारण गरिन्छ?

- भाडाहरू वार्षिक आम्दानीका सीमाहरूमा आधारित हुन्छन् जुन प्रत्येक गर्मीयाममा अद्यावधिक गरिन्छ। तिनीहरू इकाईमा रहेका सुत्ने कोठाहरूको सङ्ख्या र उपयोगिताहरूको हिसाबसँग सीमित छन्।

परामर्श समूह

# पहिलो चरण:

## आवेदन खुला छ भनी जानकार रहनका लागि नाम दर्ता गर्नुहोस्

यसमा जानुहोस्:

WWW.SOMERVILLEMA.GOV/INCLUSIONARY

यहाँ क्लिक गर्नुहोस्

किफायती आवास सतर्कताहरू:
अहिले नै साइन अप गर्नुहोस्

यस लिङ्कले तपाईंलाई आफ्नो सम्पर्क जानकारी प्रविष्ट गर्न सक्ने साइन-अप पृष्ठमा लैजान्छ

किफायती आवास प्रतीक्षा सूचीको आवेदन उपलब्ध भएपछि, तपाईंलाई इमेलद्वारा जानकारी गराइने छ (वैकल्पिक रूपमा इमेल ठेगाना उपलब्ध गराइएको छैन भने यु.एस् मेल)

आवेदनका कागजी प्रतिहरू निम्न जस्ता सहरका विभिन्न सार्वजनिक स्थलहरूमा पनि उपलब्ध हुने छन्: सिटी हल, विद्यालय, पुस्तकालय र वरिष्ठ केन्द्र।

**आवेदनहरू बहु भाषाहरूमा उपलब्ध हुने छन्**

LDS परामर्श समूह

# चरण दुई:

## आवेदन भर्नुहोस्

## आफ्नो आवेदन भर्दा ध्यान दिनु पर्ने महत्त्वपूर्ण कुराहरू के-के हुन्?

- **आफ्नो घरायसी आम्दानी र सम्पत्तिहरू समीक्षा गर्नुहोस्**
- **तपाईंको घरेलु संरचनामा तपाईंको घरका सबै सदस्य समावेश छन् भनी सुनिश्चित गर्नुहोस्**
    - **निकट भविष्यमा तपाईंको परिवारको संरचना परिवर्तन हुने छ? त्यसो हो भने, तपाईंले परिवारको संरचना परिवर्तन हुँदा आफ्नो आवेदन अद्यावधिक गर्नु पर्ने छ।**
    - **तपाईंको परिवारले प्रधानता र प्राथमिकताहरूको मापदण्ड पूरा गर्नु हुने छ?**

## पूरा गर्नुपर्ने थप वस्तुहरू:

- **परिवारको प्रत्येक सदस्यको उमेर/काम/विद्यालय स्थितिबारे जानकारी**
- **जाति/जातीयता/असक्षमताबारे जानकारीको जनसाङ्ख्यकीय सहमति फाराम**

*आप्रवासन स्थितिले समावेशी आवासको भाडा एकाइका लागि योग्य ठहरिने योग्यतामा प्रभाव पार्दैन।*

परामर्श समूह

## चरण दुई:

### आवेदन भर्नुहोस्

**परिवारको आकारको आवश्यकतामा परिवर्तन: साझेदारहरूले एउटै सुत्ने कोठा साझा गर्नु पर्ने छ**

- **पहिले:** योग्य हुनका लागि एउटा सुत्ने कोठामा १ वा सोभन्दा धेरै व्यक्ति हुनुपर्थ्यो
- **केन्द्रीय प्रतीक्षा सूचीका लागि:** विवाहित जोडीहरू वा घरेलु साझेदारले सुत्ने कोठा साझा गर्नु पर्ने छ (चिकित्सकीय आवश्यकताका लागि छुट्टाछुट्टै सुत्ने कोठा चाहिएको अवस्थामा बाहेक)

LDS परामर्श समूह

# चरण दुई:

## वित्तीय जानकारी

### आम्दानीमा कुन-कुन जानकारी समावेश हुन्छ?

सामान्यतया, कार्यक्रमका नियमहरूले नहटाएसम्म परिवारका सबै सदस्यले आगामी १२ महिनाको अवधिमा कुल आम्दानीका सबै स्रोत (कर, कटौती, ऋणानुबन्ध, आदि काट्नुअघिका) बाट वार्षिक आम्दानी प्राप्त गर्ने अनुमान गरिएको छ।

### सम्पत्तिको सीमा के हो?

प्रतिबन्धित सेवानिवृत्ति, स्वास्थ्य र कलेज बचत योजनाहरूबाहेक, परिवारको कुल सम्पत्ति $७५,००० भन्दा बढी हुन सक्दैन। परिवारका सदस्यहरूको सङ्ख्याअनुसार सम्पत्तिको सीमा परिवर्तन हुँदैन।

### भाडाका भौचरहरू स्वीकार गरिन्छ?

सामान्यतया, भौचरको रकमले इकाईको भाडालाई समेटेमा तिनीहरू स्वीकार गरिन्छ।

## तेस्रो चरण:

## प्राथमिकताको श्रेणी छनोट गर्ने

**प्राथमिकताका वर्गहरू (एउटा चयन गर्नुहोस्):**

### स्तर १: प्राथमिकता

- हालको सोमरभिल निवासी
- हाल घरबारविहीन भएर (आश्रय वा परिवर्ती सुविधास्थलहरूमा बस्ने) सोमरभिलमा बसिरहेका वा सोमरभिलबाट बसाइ सरेका तर आफ्नो लटरी आवेदनको समयभर सोमरभिलमा बसिरहेका परिवारहरू
- सोमरभोल पब्लिक स्कूल्समा अध्ययनरत कम्तीमा 1 बच्चाका परिवारहरू
    - हाल घरबारविहीन भएका परिवारहरूको कम्तीमा 1 बच्चा सोमरभिल चार्टर स्कूल्समा अध्ययनरत भएमा उनीहरू श्रेणी १ को प्राथमिकताका लागि पनि योग्य ठहरिन सक्छन्

### स्तर २: प्राथमिकता

- सोमरभिलमा हाल कार्यरत र २० *घण्टाभन्दा बढी समय* काम गर्ने र/वा
- विगत 2 वर्षयता सोमरभिलबाट बसाइ सरेका

### स्तर ३: प्राथमिकता

- श्रेणी १ वा २ का प्राथमिकताहरू पूरा गर्दैनन्

## चौथो चरण:

## प्रधानताको स्थिति पहिचान गर्ने

### प्रधानताको स्थिति (यदि लागूयोग्य भएमा):

*कागजातीकरण गरिएको र आकस्मिक आवास चाहेका आवेदकहरू तीन वटा प्राथमिकता (३) का सबै श्रेणीभित्रको प्रधानताका लागि योग्य हुन सक्छन्। प्रत्येक श्रेणीका* ***सबै प्रधानता समान छन्,*** *प्रत्येक श्रेणीभित्र प्रधानता नभएका आवेदनभन्दा पहिले प्रधानताभित्रका आवेदनहरूलाई उपलब्ध अपार्टमेन्टको योग्यता र उपयुक्तताका उद्देश्यहरूका लागि प्रक्रिया गरिने छ। प्राथमिकताहरू एकत्रित नगरिएको हुँदा एउटाभन्दा बढी प्रधानता राख्ने आवेदकहरूलाई उच्च प्रधानता दिइने छैन।*

**प्रत्येक श्रेणीभित्रका समान प्रधानताहरूमा निम्न कुरा समावेश छन्:**

- हाल घरबारविहीन भएको
- घरेलु हिंसाको अनुभव गरेको
- निकट विस्थापनको जोखिमा रहेका
- निरीक्षण सेवा विभाग (आई.एस.डि.) ले बस्न नसक्ने अवस्थाहरू भएका कारण हालको अपार्टमेन्ट खाली गर्न आवश्यक बनाएको
- मोबिलिटी-एक्सेसिबल, अनुकूलनीय वा दृष्टि/श्रवणशक्ति कमजोर भएका व्यक्तिका लागि बनेको इकाईको आवश्यकता
- एक मोबाइल भाउचर छ जुन सक्रिय रूपमा एकाइ भाडामा प्रयोग भइरहेको छैन, वा भाउचर धारकको पहुँच आवश्यकताहरू पूरा नगर्ने इकाई भाडामा लिइ रहेको छ।

# पाँचौँ चरण:

## आवेदन प्रक्रियाका अर्को चरणहरू

### समाप्ति मितिसम्म आवेदन पेश गर्नुहोस्

- व्यक्तिगत
- अनलाइन
- फ्याक्स:
- इमेल:

### सर्वेक्षणले कसरी काम गर्छ?

सबै आवश्यक जानकारी प्राप्त गरेपछि र प्रारम्भिक योग्यता निर्धारण गरेपछि, स्वयं-प्रमाणीकरणमार्फत आवेदनमा उपलब्ध गराइएको जानकारीको आधारमा, आवास विभाग र परामर्शदाताले आवेदकले आफू सहभागी हुने अपेक्षा राख्न सक्ने पुल(हरू) सहित उनीहरूको अनुपम परिचायक उल्लेख गर्दै लिखित जवाफ पठाउनु हुने छ।

LDS
परामर्श समूह

# लटरीको प्रक्रिया

## सम्मिलित प्रतीक्षा सूची खोलेपछि:

- **आवेदनहरू अनलाइन, सोमरभिलका सार्वजनिक स्थानहरूमा उपलब्ध हुने छन् वा अनुरोध गरेमा आवेदन समापन गर्ने मितिसहित मेल गरिने छ।** आवेदन बुझाउने प्रारम्भिक अवधि बन्द भएपछि, लटरी ड्रविङ आयोजना गरिने छ।
- **लटरी ड्रविङ**
  - सार्वजनिक, ह्वीलचेयर लान सकिने स्थान र/वा लिङ्नमा आयोजना गरिने छ। आवेदकहरू लटरी ड्रविङमा उपस्थित हुनुपर्दैन।
- **लटरी ड्र गरेको १४ दिनभित्र लटरीको भिडियो पोस्ट गरिने छ।**
- **आवेदकहरूको नाम ड्र गरिएको क्रमअनुसार उनीहरूलाई प्रतीक्षा सूचीमा राखिने छ।**

## यूनिट उपलब्ध हुँदाः

- **सिटी वा परामर्शदाताले सम्मिलित प्रतीक्षा सूची समीक्षा गर्नु हुने छ र प्राथमिकताका वर्गहरू पूरा गरेका शीर्ष क्षेणीमा पर्ने परिवारहरू निर्धारण गर्नु हुने छ र ती परिवारहरूलाई लटरीमा राख्नु हुने छ**
  - तपाईंले सिटीको कर्मचारी वा परामर्श एजेन्सीको कर्मचारीलाई सीधै सम्पर्क गर्न सक्नुहुन्छ।

LDS परामर्श समूह

# लटरी प्रक्रियापछि

## अध्यावधिक जानकारीः

- **तपाईंले निम्न कुरामा कुनै परिवर्तन गर्नुभएमा सिटीलाई सूचित गर्नुपर्छः**
  - पारिवारिक संयोजन:
  - परिवारको आम्दानीका स्रोतहरू
  - प्राथमिकता वा प्रधानतामा गरिएका परिवर्तनहरू
  - सम्पर्क जानकारी

## परिवारको जाँचः

- **कार्यक्रम योग्यता परीक्षणः**
  - **आवेदक सूचीको शीर्ष नजिकै पूगेपछि, उहाँहरूलाई निम्न कागजात उपलब्ध गराउन सूचित गरिने छः**

◊ आम्दानीसम्बन्धी कागजात
◊ सबैभन्दा हालैको वर्षका करहरू
◊ सम्पत्तिसम्बन्धी कागजात
◊ समरभिल प्राथमिकताको कागजात (लागूयोग्य भएमा)
◊ प्राथमिकताको कागजात (लागूयोग्य भएमा)

परामर्श समूह

# लटरी प्रक्रियापछि

- **अतिरिक्त परीक्षणहरू:**
  - मालिक वा व्यवस्थापन (Owner or Management) कम्पनीले क्रेडिट, जग्गाधनीको इतिहास र आपराधिक पृष्ठभूमिका लागि आवेदकको जाँच गर्न सक्नुहुन्छ।
  - आवेदकहरूलाई क्रेडिट इतिहासको कमीको आधारमा मात्र अस्वीकार गर्न सकिँदैन।

- **आवेदकहरूलाई यूनिटहरू लिज गर्नुअघि आवश्यक पर्ने अन्य कुराहरू:**
  - यूनिट हेर्नुहोस् (परिवारले प्रतीक्षा सूचीमा आफ्नो स्थान गुमाइसकेपछि यूनिटहरू सीमितमा अस्वीकार गर्न सकिन्छ)
  - लिजमा हस्ताक्षर गर्नुहोस्*

** जग्गाधनीलाई तपाईंको नयाँ लिज प्रदान नगरेसम्म तपाईंले आफ्नो हालको लिज समाप्त गर्दै हुनुहुन्छ भनी कहल्यै पनि सूचना दिनुहुँदैन।*

परामर्श समूह

# अन्य विचारहरू

**अपीलहरू:**

- आम्दानी प्रमाणिकरण प्रक्रियाको समाप्तिमा अयोग्य ठहर गरिएको परिवारसँग आम्दानी निर्धारण अपील गर्ने अधिकार छ। अपील प्रक्रिया सुरु गर्नका लागि, आवेदकले आवास विभागको निर्देशकलाई अयोग्यता निर्धारण प्राप्त गरेको 5 व्यवसाय दिनभित्र लिखित अपील अनुरोध पठाउनुपर्छ।

**आवेदकलाई आफ्नो आवेदन अध्यावधिक गर्न आवश्यक भएमा निम्न कुरा गर्नुपर्छः**

- तपाईंको आवेदन अपडेट गर्नका लागि तपाईंको कुनै पनि जानकारी परिवर्तन गरिएको छ भने आवास कार्यालयमा सम्पर्क गर्नु तपाईंको जिम्मेवारी हो। उदाहरणका लागिः ठेगाना, इमेल, फोन नम्बर, परिवारको स्थिति, आदिमा परिवर्तन भएमा।

**प्रायजसो समावेशी आवास प्रतीक्षा सूची कति पटक अध्यावधिक हुने छ?**

- हाल प्रत्येक वर्ष वा दुई वर्षमा अध्यावधिक हुने अनुमान गरिएको छ।



# समरभिल सिटी

# सुदृढ प्रतीक्षा सूची

## प्रश्न तथा उत्तरहरू

LDS
परामर्श समूह